नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

सूचना नं.११ सूचना प्रकाशित मिति: २०८२/०५/२०

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली को चालु आ.व.२०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरूले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र (मिति २०८२/०६/०९ गते भित्र। अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव यस कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीको धनगढी स्थित कार्यालयमा दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। तपसिल:

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम संचालन हुने क्षेत्र | इकाई | परिमाण | बजेट (रू. लाखमा) | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|---|
| कृषि तथा पशुपंक्षी उद्यमशिलता विकास कार्यक्रम | १६ देखि ४० वर्ष उमेर समूहभित्रका कृषि उद्यमी वा युवा कृषक | कैलाली जिल्लाभरी | पटक | १० | ४० | प्रस्तावको कुल लागतको बढीमा पचास प्रतिशत वा बढीमा चार लाख रूपैया मध्ये जुन कम हुन आउँछ सोही बराबरको रकम अनुदान स्वरूप भुक्तानी गरिनेछ। |

**कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु तथा मुल्य श्रृखलाका क्षेत्रहरू:**

क) तरकारीको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण
ख) तरकारीको बीउ बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण
ग) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण
घ) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण
ङ) जौं, फापर, सिलाम, कोदो, चिनो, कागुनी, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण
च) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण
छ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र बिरूवा उत्पादन गर्ने व्यवसाय
ज) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन
झ) व्यावसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन।

**निवेदन साथ संलग्न कागजातहरू**

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरू (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका का लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरू ।
(५। स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।
(६) समूह/सहकारी संस्थाको सदस्य भएमा सम्वन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र।
(७) स्वघोषणा पत्र।

नोट: वैदेशिक रोजगारीबाट फर्केका, कृषि विषय अध्ययन गरेका, महिला तथा युवा र कृषि तथा पशुपन्छीमा आधारित साना तथा मझौला खालका उद्यमीहरूलाई प्राथमिकता दिइनेछ।

**विस्तृत जानकारीका लागि:**

कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीको सम्पर्क नं ०९१-५२२९७७, ०९१-५९१०७३, ९८५८४८८२१२ वा सूचना अधिकारीको सम्पर्क नं ९८५८४८४९०४ मा सम्पर्क गर्न सकिनेछ ।

"व्यवसाय र व्यवसायीको सुरक्षा: हाम्रो प्रतिवद्धता"

CS CamScanner